# स्थानीय राजपत्र

## मध्यपुर थिमि नगरपालिकाद्धारा प्रकाशित

वर्ष ५) खण्डः २, मध्यपुर थिमि, भक्तपुर, श्रावण १ गते २०७८ साल, (अतिरिक्ताङ्ग)

## भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७८ सालको ऐन नं. ३

**मध्यपुर थिमि नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८**

**प्रस्तावनाः**

कर्मचारीहरुको समायोजन नभएको कारण मध्यपुर थिमि नगरपालिकामा नगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, बिगत लामो समय देखि विज्ञापन र बढुवा नहुँदा कर्मचारीहरुको बृत्ति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ समेतलाई आधार मानी यस नगरपालिकामा साबिक स्थानीय निकायको रुपमा स्थानीय स्वायत्त शासन ऐन र सोको नियमाबली बमोजिम नियुक्ती भएका स्थायी कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " मध्यपुर थिमि नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कर्मचारी" भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको मध्यपुर थिमि नगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

पुरामणि पन्थी
प्रमुख प्रशासकीय अधिकृत

(ग) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) “नगर सभा” भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) “नगर सेवा” भन्नाले मभ्यपुर थिमि नगरपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) “नगरपालिका” भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) “स्थानीय कानुन” भन्नाले मध्यपुर थिम नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

३. नगर सेवाका कर्मचारी समायोजन गर्नेः (१) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका कर्मचारीहरुको समायोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नगर सेवाका कर्मचारीहरुको समायोजन देहाय वमोजिम हुनेछ :

| क्र.सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह पद नाम |
|---|---|---|
| १ | सहायकस्तर द्धितिय | सहायक स्तर तृतिय |
| २ | सहायकस्तर तृतिय | सहायक स्तर चौथो |
| ३ | सहायकस्तर चौथो | सहायक स्तर पाचौ. |
| ४ | सहायकस्तर पाचौ | अधिकृत स्तर छैठौं |
| ५ | अधिकृतस्तर छैठौ | अधिकृत स्तर सातौं |
| ६ | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौं निर्देशक (महाशाखाप्रमुख) |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

(४) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर वृद्धी हुनेछ ।

(५) यस दफा वमोजिम नगर सेवाका कर्मचारी समायोजन गर्दा ५ बर्ष सेवा अबधी पुरा गरेका कर्मचारीको हकमा १ तह स्तरबृद्धि गरी सोही अनुसारको तलवमान कायम हुने र ५ बर्ष सेवा अबधी नपुगेका कर्मचारीको हकमा साविकमा खाइपाई आएको तलवमा २ ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

चुरामणि पन्थी
प्रमुख प्रशासकीय अधिकृत

(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधार लिई समायोजन हुनुपूर्व अवधिको तलब तथा भत्ताहरु दाबी गर्न पाइने छैन ।

४. समायोजनको पत्र दिने: (१) यस ऐन वमोजिम समायोजन भएपश्चात नगर सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले वा निजले तोकेको अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची-१ वमोजिमको हुनेछ ।

५. पदस्थापन गरिने : यस ऐन वमोजिम समायोजन भए पश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी पुनरावलोकनले निर्धारण गरे वमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

६. समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा: यस ऐन वमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा स्थानीय कानुनले तोके वमोजिम हुनेछ ।

७. पुल दरवन्दी सम्वन्धी व्यवस्था: दफा ३ वमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वत: पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्बको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

८. जेष्ठताको गणना: (१) यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुबिधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुनेछ ।

९. आवश्यक व्यवस्था मिलाउने: यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

चुडामणि पन्थी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १
दफा ४ को उपदफा (२) सँग सम्वन्धित
समायोजन पत्र

पत्र सख्या :
चलानी न.मिति....................

श्री ..................
........................
कर्मचारी संकेत नम्बर

विषय: समायोजन गरिएको सम्वन्धमा ।

कर्मचारी समायोजन ऐन, २०७५ र मध्यपुर थिमि नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८ बमोजिम ................................ देखि जेष्ठता गणना हुने गरी तपाईलाई मध्यपुर थिमि नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समुह : | पद :<br>तह :<br>सेवा :<br>समुह : |

................................

वोधार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ,काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा ।
श्री प्रदेश लोकसेवा आयोग, हेटौंडा ।
श्री कर्मचारी संचय कोष, ठमेल ,काठमाडौ ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर , काठमाडौं ।
श्री आर्थिक प्रशासन शाखा, मध्यपुर थिमि नगरपालिका ।

आज्ञाले
चुरामणि पन्थी
प्रमुख प्रशासकीय अधिकृत

२०७८ साल श्रावण १ गते

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

**चुरामणि पन्थी**
**प्रमुख प्रशासकीय अधिकृत**